
# तिनाउ गाउँपालिका

## सार्वजनिक सेवा प्रवाह सम्बन्धी आर्थिक वर्ष ०८०/८१ को तेश्रो चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम
## प्रतिवेदन







२०८१ असार ३१

## पृष्ठभुमी

स्थानीय तहहरूले प्रदान गर्ने सेवा सुविधाको सन्दर्भमा स्थानीय तहका पदाधिकारीहरू तथा सरोकारवाला नागरिक बीच सार्वजनिक स्थानमा गरिने खुला छलफल नै सार्वजनिक सुनुवाइ हो ।

यस किसिमको छलफलले शासन सञ्चालनमा पारदर्शिता, नेतृत्वमा जवाफदेहिता र सार्वजनिक चासोका बिषयमा आम नागरिकहरूको सूचनामा पहुँचलाई मजबुत बनाउनुका साथै सार्वजनिक सेवा, वस्तु र निर्णय प्रकृयामा आम नागरिकको सहभागितालाई प्रवर्द्धन गर्दछ । यसबाट सार्वजनिक वस्तु, सेवा र विकास निर्माणका कृयाकलापहरू जनअपेक्षा बमोजिम सञ्चालन गर्ने संस्कारको विकास गर्न समेत टेवा पुग्दछ । सार्वजनिक सुनुवाइले जिम्मेवार पदाधिकारीहरूलाई सार्वजनिक वस्तु, सेवा र सुविधाको बारेमा सेवाग्राहीबाट पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गरी कमी कमजोरीहरू सच्याउन मद्दत गर्दछ ।

यसरी सार्वजनिक सुनुवाइले जिम्मेवार पदाधिकारीहरूलाई निरन्तर नागरिकहरूप्रति जवाफदेही हुन र पारदर्शी रुपमा शासन सञ्चालन गर्न समेत उत्साहित गर्दछ । सार्वजनिक सुनुवाइमा सार्वजनिक चासोका बिषयमा जिम्मेवार पदाधिकारी तथा सेवाग्राही बीच प्रश्नोत्तर हुनुका साथै सेवाग्राहीले सार्वजनिक वस्तु, सेवा र सुविधा प्रवाहमा आगामी दिनमा गरेका सुधारहरू समेत प्रष्फुटित हुने र जिम्मेवार पदाधिकारीहरूबाट उक्त सुधारहरू हासिल गर्ने संभावनाहरूको बारेमा जानकारी प्रदान गर्ने प्रकृयाबाट सुधारका प्रतिवद्धताहरू समेत तयार हुन्छ ।

यसरी तयार भएको प्रतिवद्धता कार्यान्वयनबाट नै सुधारको अपेक्षा गर्न सकिन्छ ।

## कार्यक्रमको उद्धेश्य

तिनाउ गाउँपालिकाको सार्वजनिक सेवाप्रति सेवाग्राहीबाट पृष्ठपोषण लिनु प्रमुख उद्धेश्य हो भने सहायक उद्धेश्यहरु निम्नानुसार रहेको छ ।

- गाउँपालिकाको कार्यालयबाट प्रदान गरीने सेवामा सेवाग्राहीले उठाएका प्रश्नहरूमा स्पष्टता ल्याउने ।
- नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा आगामी दिनमा सोको कार्यान्वयन गर्ने ।
- गाउँपालिकाको कार्यालयका जनप्रतिनिधि तथा कर्मचारीहरूमा जवाफदेही संस्कार बसाउने ।
- नागरिकबाट प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्दै कार्यालयको सेवा थप प्रभावकारी बनाउने ।
- कार्यालयबाट प्रवाह भएका सेवाहरु बारे नागरिकको चासो र जानकारी लिने, त्यसअनुसार सुझाव संकलन गरि सुधारमा कार्यान्वयन गर्ने ।

## कार्यक्रमको विवरण

तिनाउ गाउँपालिकाको कार्यालय दोभानले आर्थिक बर्ष ०८०/८१ को सेवा प्रवाह सम्बन्धी तेश्रो चौमासिक सार्वजनिक सुनुवाइ मिति २०८१ असार ३१ गते सम्पन्न गरेको छ । सुनुवाइ कार्यक्रम गाउँपालिकाको बाहिर चौरमा गरिएको थियो । कार्यक्रमको अध्यक्षता गाउँपालिका अध्यक्ष प्रेम श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रममा सहभागीहरुलाई गाउँपालिका उपाध्यक्ष लाल बहादुर थापाले स्वागत गर्नुभयो ।

सार्वजनिक सुनुवाइ कार्यक्रमका उद्देश्य नागरिक र गाउँपालिकाको कार्यालयको बीचमा दोहोरो सम्वाद स्थापित गरी जवाफदेहिताको संस्कार बसाउने र सार्वजनिक सेवा प्रवाह भरपर्दो र गुणस्तरयुक्त बनाउन नागरिकबाट रचनात्मक सुझाव प्राप्तिको लागि तथा जिज्ञासा र चाहनालाई एकैथलोबाट जानकारी लिई जिम्मेवार पदाधिकारीहरूले स्पष्ट पार्ने तथा प्रतिबद्धता व्यक्त गराउनका लागि यो कार्यक्रमको आयोजना गरिएको हो ।

औपचारीक कार्यक्रममा तालिका अनुसार वरिष्ठताको आधारमा गाउँपालिका अध्यक्षको अध्यक्षता, गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्य, विषयगत शाखाका प्रमुखहरु, अन्य कर्मचारीहरु, राजनैतिक दलका प्रतिनिधी, विभिन्न संघ संस्थाका प्रतिनिधि तथा सेवाग्राहीहरूलाई आशन ग्रहण भयो ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लेख बहादुर बस्नेतले गाउँपालिका कार्यालयको प्रगती प्रतिवेदन प्रस्तुत गर्नुभयो । कार्यक्रमका सहजकर्ता विजय बौडेलले सार्वजनिक सुनुवाइमा पालना गर्नुपर्ने आचारसंहिता प्रस्तुत गरेपछी सार्वजनिक सुनुवाई कार्यक्रम सुरु भयो ।

## सार्वजनिक सुनुवाईमा पालना गर्नुपर्ने आचारसंहिताहरु

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ । प्रश्न राख्नुभन्दा पहिले आफ्नो नाम, ठेगाना या प्रतिनिधित्व गर्ने संस्था खुलाउनुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, प्रश्न कसका लागी या कुन बिषयगत शाखाका लागी हो ? प्रष्ट खुलाएर भन्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा तिन मिनेट भित्र प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।

५. आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।

७. सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।

८. सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।

९. सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०. सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ ।

कार्यक्रममा आचारसंहिता सुनाईसकेपछी उमंग मिडिया प्रा.लि. तानसेन, पाल्पाले गाउँपालिकाका सबै वडाहरुमा गएर नागरिकहरुसंग गरेको सर्वेक्षणको नतिजा सुनाईयो र सुझाव दिईयो । जुन यसप्रकार रहेको छ ।

**अनुसुची - २**
**तिनाउ गाउँपालिकाको नागरिक प्रतिवेदन रिपोर्ट**
**नमुना सर्वेक्षण**

**१. तपाईं यस कार्यालयबाट भएका सेवा प्रवाहबारे समग्रमा कतिको सन्तुष्टि पाउनुभयो ?**
सन्तुष्ट ( ७३ ) ठिकै ( १५ ) असन्तुष्ट ( १२ )

**२. सेवा लिन जाँदा कर्मचारीको व्यबहारप्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?**
सन्तुष्ट ( ८२ ) ठिकै ( १५ ) असन्तुष्ट ( ३ )

**३. तपाईंले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नुभयो ?**
तिरेको छैन ( १०० ) एकदमै कम ( ० ) धेरै तिरेको ( ० )

**४. जनप्रतिनिधीको कार्यशैलीप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**
सन्तुष्ट ( ८३ ) ठिकै ( १२ ) असन्तुष्ट ( ५ )

**५. योजना छनौटमा नागरिकको चाहना बमोजिम जनप्रतिनिधीको भुमिका कस्तो मान्नुभएको छ ?**
राम्रो ( ८० ) ठिकै ( १३ ) असन्तुष्ट ( ७ )

**६. यस संस्थामा कार्यरत कर्मचारीप्रति तपाईंको विश्वास कत्तिको छ ?**
धेरै ( ७० ) ठिकै ( १३ ) विश्वास छैन ( १७ )

**७. यस कार्यालयमा तपाईंले एउटा कामको लागी कति पटक धाउनुपर्यो ?**
१ पटक ( ५६ ) २ पटक ( २० ) सो भन्दा धेरै ( २६ )

**८. तपाईंको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?**
धेरै ( २० ) कम ( ३८ ) गरेको छैन ( ४२ )

**९. सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?**
प्रभावकारी छन् ( ७६ ) ठिकै छन् ( १४ ) प्रभावकारी छैनन् ( १० )

**१०. योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?**
पर्दैन ( ९३ ) मागेरै लिन्छन् ( ० ) नदिए अप्ठ्यारो पार्छन् ( ७ )

**११. कार्यालयमा भएका कर्मचारीको सीप कस्तो छ ?**
आवश्यक सीप छ ( ८७ ) आवश्यकता भन्दा कम छ ( ४ ) सीप निकै कम छ ( ९ )

**१२. सार्वजनिक सुनुवाईमा गरिएका प्रतिवद्धता कत्तिको कार्यान्वयन भएको छ ?**
धेरै ( ६० ) ठिकै ( २८ ) कम ( १२ )

**सर्वेक्षणमा सहभागि नागरिकहरुबाट कार्यालय, जनप्रतिनिधि र कर्मचारीहरुलाई आएको सुझावहरु**

- योजना फरफारक गर्न प्रक्रियागत रुपमा निकै झण्झट छ । त्यसलाई सहज बनाउन लाग्नुपर्यो ।
- सामग्रीको दररेट र बजारभाउको मेल छैन । त्यसले उपभोक्ताहरु मारमा परेका छन् ।
- विकासका योजनाहरु निर्माण गर्दा स्थानीय व्यक्तिहरु संग समन्वय गर्नु जरुरी छ ।
- वडा तथा पालिका बाट सुचनाहरु नागरिक सम्म सहज ढंगले पुग्ने गरेको छैन ।
- विकास निर्माणका काममा कर्मचारी र जनप्रतिनिधिहरुको समन्वय देखिएको छैन ।

त्यसपछी नागरिकहरु र जनप्रतिनिधि र कर्मचारी बीच प्रश्नोत्तर कार्यक्रम सुरु भयो ।

**कार्यक्रममा प्रश्न, सुझाव तथा प्रतिक्रिया दिने नागरिकहरु**

| क्र.स. | नामथर | ठेगाना, संस्था | प्रश्न, सुझाव, जिज्ञासा | जवाफ दिने निकाय | संक्षिप्त जवाफ |
|---|---|---|---|---|---|
| १. | अरविन्द पाण्डेय | तिनाउ गाउँपालिका | प्रतिवेदन पढाई लामो भयो । कार्यक्रम समयमा सुरु भएन । सुरुंगमार्ग बनाउने चाईनिज कम्पनीले ढेंगामाटो जथाभावी फालेको छ । त्यसको बारेमा गाउँपालिकाले के गरेको छ ? गह्रा सुधार गर्न आईईई गर्नुपर्ने बाध्यताले साना किसानहरुलाई समस्यामा पारेको छ । त्यसको समाधान गर्न के गर्नुपर्ला ? | प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका अध्यक्ष, राजश्व शाखा प्रमुख | प्रतिवेदन र समयको विषयमा आगामी दिनमा सुधार गरिनेछ । चाईनिज कम्पनी संग आवश्यक छलफल गरि समस्या समाधान गर्न पहल गरिनेछ । आईईई गर्नुपर्ने कानुनी बाध्यता भएकाले सबै किसानहरु मिलेर एकैचोटी आईईई गर्ने विषयमा सहजिकरण गरिनेछ । |
| २. | खगेन्द्र केसी | तिनाउ गाउँपालिका | विकास निर्माणको काममा नागरिक समाज र राजनैतिक दल संग सहकार्य भएन । कार्यालयमा कर्मचारी नियमित उपस्थित नहुँदा सेवाग्राही मर्कामा परे । संघ र प्रदेश सरकार संग समन्वय नहुँदा बजेट आएन । कृषि क्षेत्रका योजना असफल भयो । स्वास्थ्य सेवा प्रभावकारी भएन । विपद व्यवस्थापन सहि तरिकाले हुन सकेन । | गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत | विकास निर्माणका काममा सकेसम्म सबै संग समन्वय गर्ने प्रयास गरिएको छ । कर्मचारी अत्यवश्यक काममा बाहेक समयमा कार्यालय उपस्थित भएका छन् । संघ र प्रदेश बाट धेरै योजना आएका छन् । समन्वय भएको छ । अन्य सुझावलाई मनन् गरि अघि बढिनेछ । |
| ३. | रेनु लम्साल | तिनाउ गाउँपालिका | गाउँपालिका बाट आर्थिक कारोबारको म्यासेज आयो ? के हो बुझ्न सकिएन । | लेखा अधिकृत | छोराले बुझेको छात्रवृत्तिको रकमको करकट्टी गरिएको म्यासेज हो । कुनै अनियमितताको हाईन । |
| ४. | पदम गाहा | तिनाउ गाउँपालिका, सुकेताल | हाते ट्याक्टर सबै किसानहरुलाई वितरण गर्न सकिएन । कृषि र पशु सेवा समयमा प्राप्त गर्न सकिएन । खानी क्षेत्रको रोयल्टै सोही वडामा खर्च हुनुपर्यो । | कृषि शाखा प्रमुख, गाउँपालिका अध्यक्ष | प्राथमिकताका आधारमा किसानहरुलाई हाते ट्याक्टर वितरण गरिएको छ । खबर पाएसम्म छिटो किसानलाई सेवा दिने प्रयास गरेका छौं । रायल्टी धेरैजसो सोही वडामा खर्च भएको छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | आगामी दिनमा थप सुधार गर्दै लैजानेछौं । |
| ५. | राम बहादुर दर्जी | तिनाउ गाउँपालिका वडा नं. २ | सार्वजनिक सुनुवाइमा सबै वडाबाट सहभागी बनाउन सकिएन । गरिबी निवारणका कार्यक्रमहरु के के हुन् ? | गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत | समयमै सबै वडामा जानकारी गराईएको हो । वर्षाको समय भएर पनि धेरै टाढाका सहभागी उपस्थित हुन सक्नुभएन । गरिवि निवारणका लागि विभिन्न आयमुलक कार्यक्रम, कृषि, पशु, रोजगारीलगाएतका कार्यक्रम सञ्चालन भएका छन् । |
| ६. | कमल श्रेष्ठ | तिनाउ गाउँपालिका | सडकबत्ति महशुलको लागि निवेदन दिएको के भयो ? खानी क्षेत्रको चुनढुंगा निकासी व्यवस्थित हुनुपर्यो । शिक्षकहरुलाई राजनीति गर्न रोक्नुपर्यो । | गाउँपालिका अध्यक्ष, शिक्षा शाखा प्रमुख | सडकबत्ति महशुलको काम प्रक्रियामै छ । खानी क्षेत्र व्यवस्थित बनाउने प्रयास गरिरहेका छौं । अन्य सुझाव मनन् गरेका छौं । शिक्षकहरु राजनीतिमा लागेको भए जानकारी पाउँ । कारबाही हुन्छ । पेशागत संगठनमा लागेकाहरुलाई रोक्ने अधिकार नभएकाले त्यसमा केही गर्न सकिन्न । |
| ७. | टोप बहादुर विक | तिनाउ गाउँपालिका | गाउँपालिकाले विनियोजन गरेको योजना सम्झौता र मुल्यांकनमा समस्या भएको छ । बनेका सडकमा कुलो हिँडेको छ । योजना दिर्घकालिन भएन । | प्राविधिक शाखा प्रमुख, गाउँपालिका अध्यक्ष | योजना सम्झौता र मुल्यांकनमा भएको समस्या समाधान गर्न सहजिकरण गरिनेछ । योजना दिर्घकालिन बनाउन नागरिक स्तरबाट पनि पहल गर्नुपर्छ । सुझाव मनन् गरिनेछ । |
| ८. | मोहन विक | तिनाउ गाउँपालिका, खुर्साने | मोटरबाटोका नाम एकातिर काम अर्कोतिर हुने गरेको छ । खानी प्रभावित क्षेत्रलाई योजना तथा विकास निर्माणमा विशेष प्राथमिकता दिनुपर्यो । | गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत | नाम फरक परेको भए सच्याईनेछ । नियतवश नभएर त्रुटि भएको हुन सक्छ । खानी क्षेत्रलाई प्राथमिकता नै दिएर काम गरिएको छ । आगामी दिनमा थप प्राथमिकता दिने प्रतिवद्धता गर्दछौं । |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | राजेश श्रेष्ठ | नेकपा माओवादी केन्द्र तिनाउ प्रतिनिधि | गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रम प्रभावकारी छन् । कार्यसम्पादनमा थप चुस्तता ल्याउन जरुरी छ । नागरिक मैत्री योजना थप गर्नुपर्यो । नागरिकका गुनासालाई सकारात्मक रुपमा लिनुपर्यो । | गाउँपालिका अध्यक्ष | सुझाव मनन् गरि कार्यान्वयन गर्न सबै पक्षसंग सहकार्य गरिनेछ । |
| १०. | रोम बहादुर लम्तरी | नेकपा एमाले तिनाउ प्रतिनिधि | योजनाहरु सञ्चालन गर्दा नागरिकको समस्यालाई हेरेर गरिएको छ । आवश्यकताको आधारमा बजेट विनियोजन हुँदा दिर्घकालिन विकास हुने देखिन्छ । फोहरमैला र विद्युतिकरणका विषयमा थप काम गर्नुपर्ने देखिन्छ । | गाउँपालिका अध्यक्ष | सुझाव मनन् गरि कार्यान्वयन गर्न सबै पक्षसंग सहकार्य गरिनेछ । |

कार्यक्रममा जम्मा १० जना सहभागीहरूले आ-आफ्ना प्रश्न, जिज्ञासा र सुझावहरू राख्नुभएको थियो ।

**सहभागीबाट आएका सुझावहरू :**

- टिप्परको समस्याले नागरिकले सास्ती पाएका छन् । त्यसको समाधान गर्नुपर्यो ।
- विद्युत लाईनमा समस्या छ । त्यसका लागि पहल गरिनु पर्यो ।
- विद्यालयको शिक्षा सुधार गर्न आवश्यक योजना सञ्चालन गर्नुपर्यो ।
- प्राविधिक र उपभोक्ता समिति बीच समन्वय भएर काम हुनुपर्यो ।
- ठूलाठूला काम गर्नुभन्दा जनताहरूलाई प्रत्यक्ष फाइदा पुग्ने सुशासन सम्बन्धी ध्यान दिनुपर्‍यो ।
- कार्यालयले सेवाग्राहीबाट गुनासो, सुझावहरू लिने र सोही अनुसार काम गर्ने गर्नु पर्‍यो ।
- विगत भन्दा कर्मचारीको व्यवहारमा सुधार आएका छ तर अझै सुधार गर्नु पर्ने देखिन्छ ।
- यस्तो सार्वजनिक वहसको कार्यक्रम नियमित हुनुपर्‍यो ।
- कार्यालयले हरेक काममा नागरिकहरु संग समन्वय गर्नुपर्यो ।
- उपभोक्ता समितिलाई सचेत बनाएर काम गर्नुपर्यो ।
- प्राविधिकहरुले ईष्टिमेट र मुल्यांकनको संयोजन मिलाउनुपर्यो ।

## प्रतिवद्धता

कार्यक्रमको अन्त्यमा गाउँपालिका कार्यालयको तर्फबाट निम्नानुसार प्रतिवद्धता व्यक्त गरिएको थियो ।

- यस सार्वजनिक सुनुवाइमा नागरिकको तर्फबाट आएका विषयहरु र खुल्ला छलफलबाट आएका सल्लाह सुझावलाई सकारात्मक रुपमा ग्रहण गर्दछौ ।
- वार्षिक योजनाहरूलाई प्राथमिकताको आधारमा पुरा गर्नेछौ ।
- सबै प्रकृयाहरू पुर्याएर आएका कागजातको भुक्तानीमा ढिला गर्न दिइने छैन ।
- मुस्कान सहितको सेवा दिन र सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय बनाउन प्रयासरत रहनेछौं ।
- नागरिक वडापत्रको पालना गरिनेछ । साथै सुझाव पेटिकालाई प्रभावकारी बनाइनेछ ।

कार्यक्रमबाट प्राप्त भएका सुझाव तथा गुनासाहरूलाई ग्रहण गरी आगामी दिनहरूमा यथासम्भव सुधार गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै गाउँपालिका अध्यक्ष प्रेम श्रेष्ठले कार्यक्रमको समापन गर्नुभयो ।

सार्वजनिक सुनुवाइ कार्यक्रमको उद्देश्य नागरिक र गाउँपालिका बीचमा दोहोरो सम्वाद स्थापित गरी जवाफदेहिताको संस्कार बसाउने र सार्वजनिक सेवा प्रवाह भरपर्दो र गुणस्तरयुक्त बनाउन नागरिकबाट रचनात्मक सुझाव प्राप्त गर्ने रहेको छ। सार्वजनिक सुनुवाइ नागरिकहरुको वडा कार्यालयको कार्यप्रतिको जिज्ञासा र चाहनालाई एकै थलोबाट जानकारी लिई जिम्मेवार पदाधिकारीहरूले स्पष्ट पार्ने तथा प्रतिबद्धता व्यक्त गर्ने एउटा सामाजिक जवाफदेहिताको औजार भएको र त्यसलाई गाउँपालिकाले निरन्तरता दिने कार्यक्रमका अध्यक्ष प्रेम श्रेष्ठले प्रतिवद्धता व्यक्त गर्नुभयो ।

# कार्यक्रमका झलकहरु






तिनाउ गाउँपालिकाको
आ.व. २०८०/०८१ को
योजना, कार्यक्रम तथा सेवा प्रवाहको सवालमा
तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
२०८१ असार ३१ गते


तिनाउ गाउँपालिकाको
आ.व. २०८०/०८१ को
योजना, कार्यक्रम तथा सेवा प्रवाहको सवालमा
तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
२०८१ असार ३१ गते
स्थान:
आयोजक:
दोभान, पाल्पा
तिनाउ गाउँपालिका
२ नं.वडा कार्यालय
दोभान, पाल्पा


तिनाउ गाउँपालिकाको
आ.व. २०८०/०८१ को
योजना, कार्यक्रम तथा सेवा प्रवाहको सवालमा
तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
२०८१ असार ३१ गते
स्थान:
आयोजक:
दोभान, पाल्पा
तिनाउ गाउँपालिका
२ नं. वडा कार्यालय
दोभान, पाल्पा


तिनाउ गाउँपालिकाको
आ.व. २०८०/०८१ को
योजना, कार्यक्रम तथा सेवा प्रवाहको सवालमा
तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
२०८१ असार ३१ गते
स्थान:
आयोजक:
दोभान, पाल्पा
तिनाउ गाउँपालिका
२ नं. वडा कार्यालय
दोभान, पाल्पा









तिनाउ गाउँपालिकाको
आ.व. २०८०/०८१ को
योजना, कार्यक्रम तथा सेवा प्रवाहको सवालमा
तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
२०८१ असार ३१ गते
आयोजक:
दोभान, पाल्पा





तिनाउ गाउँपालिकाको
आ.व. २०८०/०८१ को
योजना, कार्यक्रम तथा सेवा प्रवाहको सवालमा
तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
२०८१ असार ३१ गते
स्थान:
२ नं. वडा कार्यालय
दोभान, पाल्पा




BATAS


BATAS




कार्यक्रम


BATAS


BATAS


ब्लक बी




SALES & SERVICE BY
BATAS


तिनाउ गाउँपालिकाको
आ.व. २०८०/०८१ को
योजना, कार्यक्रम तथा सेवा प्रवाहको सवालमा
तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
२०८१ असार ३१ गते
आयोजक:
तिनाउ गाउँपालिका
२ नं. वडा कार्यालय
दोभान, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
2000 Ltr


तिनाउ गाउँपालिकाको
आ.व. २०८०/०८१ को
योजना, कार्यक्रम तथा सेवा प्रवाहको सवालमा
तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
२०८१ असार ३१ गते
आयोजक:
दोभान, पाल्पा
तिनाउ गाउँपालिका
२ नं. वडा कार्यालय
दोभान, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
2000 Ltr


तिनाउ गाउँपालिकाको
आ.व. २०८०/०८१ को
योजना, कार्यक्रम तथा सेवा प्रवाहको सवालमा
तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
२०८१ असार ३१ गते
स्थान:
तिनाउ गाउँपालिका
आयोजक:
तिनाउ गाउँपालिका
२ नं. वडा कार्यालय
दोभान, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
2000 Ltr


तिनाउ गाउँपालिकाको
आ.व. २०८०/०८१ को
योजना, कार्यक्रम तथा सेवा प्रवाहको सवालमा
तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
२०८१ असार ३१ गते
स्थान:
तिनाउ गाउँपालिका
आयोजक:
तिनाउ गाउँपालिका
२ नं. वडा कार्यालय
दोभान, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल




अन्त्यमा,

सावर्जनिक सुनुवाई कार्यक्रममा सहजिकरणको भुमिका दिने तिनाउ गाउँपालिका, सम्पुर्ण वडा कार्यालयहरु, सम्पुर्ण सेवाग्राहीहरू, कार्यक्रममा उपस्थित भएर जिज्ञासा, सुझाव दिनुहुने स्थानीयबासी, विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, कार्यलय प्रमुख, पत्रकार र उपस्थित सर्वसाधारण सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

साथै सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका सवालहरूको सम्बन्धमा गरिएका प्रतिबद्धताहरू पूर्णरुपमा कार्यान्वयन गर्न अनुरोध समेत गर्दछु ।

..................................

विजय बौडेल
कार्यक्रम संयोजक